# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/०७ गते

# प्रेस विज्ञप्ति

**विषय: प्रयोगशालालाई प्रभावकारी बनाउन निर्देशन।**

-----------------------------------------------------------------------

अख्तियार दुरुपायोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले आयोगमा स्थापना भएको इन्जिनियरिङ्ग प्रयोगशालालाई व्यवस्थित र प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ ।

आयोगले स्थापना गरेको सिभिल इन्जिनियरिङ्ग प्रयोगशाला उपकरण सञ्चालन सम्वन्धी तीनदिने प्रशिक्षणको शुक्रवार आयोजित समापन कार्यक्रममा बोल्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले सो निर्देशन दिनुभएको हो ।

कार्यवाहक प्रमुख आयुक्त घिमिरेले प्रयोगशालाको सान्दर्भिकता नतिजामुखी र यथार्थमा आधारित प्रतिवेदनमा निर्भर रहने बताउदै यस विषयमा सजग भएर काम गर्न प्राविधिकहरुलाई निर्देशन दिनुभयो ।

प्रयोगशालाको स्थापनाले अनुसन्धान कार्यमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्दै कार्यवाहक प्रमुख आयुक्त श्री घिमिरेले यसलाई प्रदेश स्तरमा समेत विकास गर्दै लैजाने सोचाइमा आयोग रहेको बताउनु भयो ।

कार्यक्रममा आयोगका सचिव महेश्वर न्यौपानेले प्रयोगशालालाई पूर्णता प्रदान गर्न उपकरणहरु थप गर्दै लैजाने नीति आयोगको रहेको बताउदै यसका लागि आवश्यक जनशक्तिको पनि व्यवस्था गरिनेछ भन्नुभयो ।

आयोगका प्राविधिक इकाई प्रमुख एवं सहसचिव रविन्द्रनाथ श्रेष्ठले आयोगमा स्थापना भएको प्रयोगलाको प्रयोग विधि र सञ्चालनका विषयमा सहभागीहरुलाई जानकारी गराउनुभएको थियो । कार्यक्रममा आयोगका सहसचिव कालीप्रसाद पराजुली र सहभागीकातर्फबाट आयोगका सि.डि.ई. कुशाङ्ग शेर्पाले तालिमको महत्वबारे आ–आफ्नो धारणा राख्नुभएको थियो ।

यही वैशाख ५ गते सुरु भएको प्रशिक्षणमा २२ जनाको सहभागिता रहेको थियो भने सम्वन्धित विषयका विज्ञहरुले विभिन्न विषयमा प्रशिक्षण दिनुभएको थियो । तालिमका सहभागीलाई आयोगका सचिव श्री न्यौपानेले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता